नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

पत्र संख्या : ०७८/०७९
चलानी नं. : ९९८३

मिति : २०७९/०१/१५

श्री सम्पूर्ण सदस्य दलाल तथा सरोकार पक्षहरु

काठमाण्डौ, नेपाल ।

**विषय :- मार्जिन कारोबारको सुविधा सम्बन्धी कार्यविधि (प्रथम संशोधन) २०७७ सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०७९/०१/१४ गतेको निर्णयानुसार मार्जिन कारोबार सुविधा सम्बन्धी कार्यविधि (प्रथम संशोधन), २०७७ नेपाल धितोपत्र बोर्डको निर्देशन पश्चात लागू गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**संलग्न :-**

नेपाल धितोपत्र बोर्डबाट प्राप्त पत्र - १

**बोधार्थः-**

१. श्री प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय, नेप्से ।

भवदिय,

मिलन मगर
वरिष्ठ अधिकृत
सुपरिवेक्षण शाखा

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल
(P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal)
Tel.: 4250755–59, 4250734–35 Fax: 4262538/Toll Free No. : 16600125025
website : www.nepalstock.com/ www.nepalstock.com.np
email : info@nepalstock.com
यस लि. को साविकको नाम : नेपाल धितोपत्र विनिमय बजार लि.

# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## नियमन तथा व्यवस्थापन विभाग

प.सं.: ०७७/०७८
च.नं.: १६५६

मिति : २०७८।०२।११

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा, काठमाडौं ।

बिषय: मार्जिन कारोवार सुविधा सम्वन्धी कार्यबिधि, २०७५ मा प्रथम संशोधन सम्वन्धमा ।

महाशय,

उपर्युक्त सम्बन्धमा तहाँवाट मार्जिन कारोवार सुविधा सम्वन्धी कार्यबिधि, २०७५ मा प्रथम संशोधनको लागि बोर्डमा पेश भएकोमा बोर्डको मार्जिन कारोवार सुविधा सम्वन्धी (प्रथम संशोधन) निर्देशन, २०७७ बमोजिम देहाय अनुसार मार्जिन कारोबार सुविधा सम्वन्धी कार्यविधि (प्रथम संशोधन), २०७७ लाई स्वीकृति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

**मार्जिन कारोवार सुविधा सम्बन्धी कार्यविधि (प्रथम संशोधन), २०७७**

मार्जिन कारोवार सुबिधा सम्वन्धी निर्देशन, २०७४ को नियम निर्देशन नं.२३ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई नेपाल स्टक एक्सचेन्ज लिमिटेडले यो कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम " मार्जिन कारोवार सुविधा सम्बन्धी कार्यविधि (प्रथम संशोधन), २०७७" रहको छ ।

(२) यो मार्जिन कारोबार सुबिधा सम्बन्धी कार्यविधि (प्रथम संशोधन), २०७७ नेपाल स्टक एक्सचेन्ज लिमिटेडले तोकेको मितिबाट लागु हुनेछ ।

२. **मार्जिन कारोवार सुविधा सम्बन्धी कार्यविधि, २०७५ को दफा ८ मा संशोधन:** मार्जिन कारोवार सुविधा सम्वन्धी कार्यविधि, २०७५ (यस पछि मूल कार्यविधि भनिएकोछ) को दफा ८ को उपदफा (१) को खण्ड (घ) र (ङ) हटाइएको छ ।

३. **मूल कार्यविधिको दफा ११ मा संशोधन:** मूल कार्यविधिको दफा ११ को उपदफा (१) को सट्टा देहाय बमोजिमका उपदफा (१) राखिएको छ:

"(१) धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोबार सुविधा उपलब्ध गराउन सम्बन्धित सूचिकृत संगठित संस्थाको शेयरको १२० दिनको औषत मूल्य वा बजार मूल्य मध्ये जुन कम हुन्छ सो को तीस (३०) प्रतिशतले हुन आउने रकम ग्राहकसँग प्रारम्भिक मार्जिन (Initial Margin) को रुपमा लिनु पर्नेछ । तर धितोपत्रको दोस्रो बजारको अवस्था तथा सम्बन्धित धितोपत्रमा हुन सक्ने निहित जोखिमलाई ध्यानमा राखी सदस्य दलाल व्यवसायीले तीस (३०) प्रतिशत भन्दा बढी प्रारम्भिक मार्जिन लगानीकर्तासँग लिन सक्नेछ ।"

४. **मूल कार्यविधिको दफा १२ मा संशोधन:** मूल कार्यविधिको दफा १२ को उपदफा (१) र (२) को सट्टा देहाय बमोजिम को उपदफा (१) र (२) राखिएका छन:

"(१) मार्जिन कारोबार सुविधाको लागि सम्भार मार्जिन (Maintenance Margin) बीस (२०) प्रतिशत हुनेछ ।"

"(२) सदस्य दलाल व्यवसायीले बजारको अवस्था तथा जोखिम हेरी लगानीकर्ताबाट मार्जिन खातामा प्रत्येक दिन कारोबारको अन्तिम मूल्यको आधारमा न्यूनतम बीस (२०) प्रतिशत वास्तविक मार्जिन कायम गर्नु पर्नेछ ।"

५. **मुल कार्यविधिको दफा १३ मा संशोधन:** मूल कार्यविधिको दफा १३ को उपदफाहरु (१),(२),(३),(४), (५),(१०) र (११) को सट्टा देहाय बमोजिमको उपदफाहरु (१),(२),(३),(४),(५), (१०) र (११) राखिएका छन:

"(१) मार्जिन कारोबार सुविधा उपभोग गर्ने लगानीकर्ताको मार्जिन खाताको वास्तविक मार्जिन बीस (२०) प्रतिशत भन्दा कम हुन आएमा सदस्य दलाल व्यवसायीले सम्बन्धित लगानीकर्तालाई मार्जिन कल गर्नेछ ।"

"(२) उपदफा (१) अनुसार मार्जिन कल गरेको दोस्रो कार्य दिनभित्र सम्बन्धित लगानीकर्ताले नगद वा मार्जिन कारोवार योग्य धितोपत्रहरु जम्मा गरी वास्तविक मार्जिन बीस (२०) प्रतिशत भन्दा माथि कायम गर्नु पर्नेछ ।"

"(३) वास्तविक मार्जिन बीस (२०) प्रतिशत भन्दा माथि कायम गर्न लगानीकर्ताको हितग्राही खाताबाट मार्जिन खातामा धितोपत्र स्थानान्तरण गर्दा नियमानुसार शुल्क लाग्नेछ ।"

"(४) मार्जिन कल गरेको तेस्रो कार्य दिन भित्र सम्बन्धित लगानीकर्ताले वास्तविक मार्जिन बीस (२०) प्रतिशत भन्दा माथि नपुऱ्याएमा वा मार्जिन खाता अन्तर्गतका धितोपत्रहरुको बजार मूल्यमा आएको परिवर्तनले सो मार्जिन बीस (२०) प्रतिशत भन्दा माथि कायम हुन नसकेमा सदस्य दलाल व्यवसायीले चौथो कार्यदिनमा वास्तविक मार्जिन बीस (२०) प्रतिशत भन्दा माथि कायम गर्नका लागि आवश्यक पर्ने मार्जिन खाता अन्तर्गतका कुनै पनि धितोपत्र बिक्री गर्न सक्नेछ ।"

"(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि मार्जिन कल गरेपश्चात कुनै पनि समयमा मार्जिन खातामा लगानीकर्ताको वास्तविक मार्जिन पन्ध्र (१५) प्रतिशत वा सो भन्दा तल आएमा सदस्य दलाल व्यवसायीले लगानीकर्ताको मार्जिन खातामा वास्तविक मार्जिन बीस (२०) प्रतिशत भन्दा माथि कायम गर्न आवश्यक पर्ने धितोपत्रहरु बिक्री गर्नेछ । यसरी धितोपत्र बिक्री गर्दा सदस्य दलाल व्यवसायीलाई लगानीकर्ताको अनुमति आवश्यक पर्ने छैन ।"

"(१०) उपदफा (९) बमोजिम सम्भार मार्जिन भन्दा वास्तविक मार्जिन कम हुन अएमा ७ (सात) कार्य दिनको समय दिई वास्तविक मार्जिन संभार मार्जिन भन्दा माथि कायम गर्न सदस्य दलाल व्यवसायीले निश्चित प्रतिशत मार्जिन कल गर्न सक्नेछ । ७ (सात) कार्य दिनमा व्यवसायीले तोकको सम्भार मार्जिन कायम गर्न नसकेमा आठौ कार्य दिन पश्चात् वा खाता बन्द (Book Close) हुनु भन्दा ५ (पाँच) दिन अगावै वास्तविक मार्जिन सम्भार मार्जिन भन्दा माथि कायम गर्नका लागि आवश्यक पर्ने मार्जिन खाता अन्तर्गतका कुनै पनि धितोपत्रहरु बिक्री गर्न सक्नेछ । यस प्रयोजनको लागि व्यवसायीले तोकेको मार्जिनका कारणले वा सोही अवधिमा बजार घट्न गई बास्तविक मार्जिन पन्ध्र (१५) प्रतिशत भन्दा कम हुन आएमा सदस्य दलाल व्यवसायीले उपदफा (५) बमोजिम गर्न सक्नेछ ।"

# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## नियमन तथा व्यवस्थापन विभाग

"(११) मार्जिन खाता अन्तर्गत रहेका धितोपत्रहरुको कारोबार मर्जर, एक्युजिसन वा अन्य कुनै कारणले बन्द भएको अवस्थामा सो धितोपत्र समावेश भएको समूहगत परिसूचक पन्ध्र (१५) प्रतिशत भन्दा धेरैले घटेमा सम्बन्धित लगानीकर्तालाई सात (७) दिनको समय दिई उक्त धितोपत्र बापतको मार्जिन ऋण तथा सोसंग सम्बन्धित अन्य दायित्व चुक्ता गर्न सदस्य दलाल व्यवसायीले सूचित गर्न सक्नेछ।"

६. **मुल कार्यविधिको दफा १४ मा संशोधनः** मूल कार्यविधिको दफा १४ को उपदफा (९) को सट्टा देहाय बमोजिम उपदफा (९) राखिएको छः

"(९) सदस्य दलाल व्यवसायीले बजारको निहित जोखिमलाई मध्यनजर गर्दै लगानीकर्तालाई यथासम्भव लगानी विविधिकरण गर्न लगाउन सक्नेछ।"

७. **मुल कार्यविधिको दफा २२ मा संशोधनः** मूल कार्यविधिको दफा २२ सट्टा देहाय बमोजिम को दफा २२ राखिएको छः

"(२२) अनुमतिपत्र प्राप्त सदस्य दलाल व्यवसायीको संस्थापक, संचालक, कर्मचारी र अधिकारिक प्रतिनिधिले आफ्नो कम्पनीबाट कुनै प्रकारको ऋण वा सापटी लिन पाउने छैन।"

भवदीय,

नवराज पण्डित
सहायक निर्देशक

सादर अवगतार्थ :
श्रीमान अध्यक्षज्यु, अध्यक्षको कार्यालय,
नेपाल धितोपत्र वोर्ड ।